पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया वन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाइ गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २३ गते मंगलबार ❑ 6 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## निष्पक्ष पत्रकारिता लोकतन्त्रको आधारस्तम्भ हो: राष्ट्रपति पौडेल

रासस
काठमाडौं, २२ पुस

राष्ट्रपति रामचन्द्र पौडेलले देशको लोकतान्त्रिक आन्दोलन मात्र नभएर सामाजिक र आर्थिक रुपान्तरणमा नेपाली पत्रकारिता क्षेत्र र नागरिक संस्थाका हैसियतले नेपाल पत्रकार महासङ्घले पुऱ्याएको योगदान सराहनीय रहेको बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित पदाधिकारीको स्वागत कार्यक्रममा राष्ट्रपति पौडेलले लोकतन्त्रको सुदृढीकरण र स्थायित्व पत्रकारहरूको मुख्य लक्ष्य हुनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "स्वतन्त्र, निष्पक्ष एवं व्यावसायिक पत्रकारिता तथा जनताको सूचनाको हक लोकतन्त्रको आधारस्तम्भ भएकाले हाम्रो संविधानले पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। त्यही भएर लोकतन्त्रको सुदृढीकरण र यसको स्थायित्व पनि पत्रकारहरूको मुख्य लक्ष्य हुनुपर्छ भन्ने म ठान्दछु।"

राष्ट्रपतिले सूचनाप्रविधिको क्षेत्रमा भएको विकासले समाचारको विषयवस्तु, सञ्चारमाध्यम र सूचना सम्प्रेषणमा आएको परिवर्तनले पाठकको सही सूचना पाउने चाहना पूरा गर्न सहज भएको बताउनुभयो। उहाँले सूचना प्राप्ति र सम्प्रेषणमा सहज भएसँगै चाँडो सूचना दिने होडबाजीमा मिथ्या सूचना प्रवाह हुनसक्ने र त्यसले समाजलाई दिग्भ्रमित पार्नसक्ने जोखिमतर्फ आमसञ्चारका माध्यमहरू सचेत हुन जरुरी भएको बताउनुभयो।

राष्ट्रपतिले उपलब्ध नवीन सूचना प्रविधिको अधिकतम प्रयोगसँगै राज्यको चौथो अङ्गका रूपमा रहेका सञ्चारमाध्यमले स्वतन्त्र, निष्पक्ष र वस्तुनिष्ठताजस्ता व्यावसायिक धर्मको अधीनमा रही सत्यको अन्वेषण र त्यसको सम्प्रेषणमा वर्तमानमा देखिएका चुनौतीलाई चिर्दै सत्यतथ्य सूचना सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो।

राष्ट्रपति पौडेलले श्रमजीवी पत्रकारको हकहित, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र व्यावसायिक पत्रकारिताका लागि महासङ्घले आगामी दिनमा अझ प्रभावकारी ढङ्गले काम गर्ने विश्वास व्यक्त गर्नुभयो।

## रास्वपा सभापति लामिछानेका कानुन व्यवसायीको बहस जारी

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस

पोखराको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन मुद्दाका आरोपी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित सात प्रतिवादीहरूको थुनछेक बहस जिल्ला अदालत कास्कीमा गत मङ्गलबारदेखि जारी छ।

शुक्रबारदेखि प्रतिवादीतर्फका कानुन व्यवसायीको बहस सुरू भएकामा सोमबार सभापति लामिछाने पक्षका कानुन व्यवसायीहरूको बहस सुरू भएको अदालतका स्रेस्तेदार राजन खनालले जानकारी दिनुभयो। उहाँका अनुसार आज अधिवक्ता सुशीलकुमार पन्तले लामिछानेका पक्षबाट बहस गर्नुभएको छ। यसअघि प्रतिवादी लीला पछाईं र छविलाल जोशी पक्षका कानुनी व्यवसायीहरूले बहस गर्नुभएको थियो।

सरकारी वकिल र जाहेरवाला सहकारीपीडित पक्षका कानुन व्यवसायीले उक्त मुद्दामा बहस गरेपछि प्रतिवादीतर्फका कानुन व्यवसायीको बहस चलिरहेको हो। प्रतिवादीहरूको बयान सकिएलगत्तै जिल्ला न्यायाधीश नीतिज राईको इजलासमा गत मङ्गलबारदेखि थुनछेक बहस सुरु भएकोथियो।जिल्लान्यायाधिवक्ता कमला काफ्लेले प्रतिवादीतर्फका कानुन व्यवसायीहरूको बहस सकिएपछि पुनः सरकारी वकिलका तर्फबाट जवाफी बहस सुरु हुने जानकारी दिनुभयो। थुनछेक बहसपछि प्रतिवादीहरूलाई पुर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्ने कि थुनामुक्त गरेर अनुसन्धान जारी राख्ने आदेश हुनेछ। सभापति लामिछानेसहित उक्त सहकारी ठगीको मुद्दामा मुछिएका पूर्वडिआइजी छविलाल जोशी, लीला पछाईं, कृष्णबहादुर गुरुङ, रामबहादुर खनाललगायतमाथि थुनछेक बहस भइरहेको हो। यही पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालयले सहकारीको रकम अपचलनको आरोपमा रास्वपा सभापति लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। सभापति लामिछानेमाथि सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा समेत मुद्दा दायर भएको छ। सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ। सभापति लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमासमेत मुद्दा चलाइएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ। यस्तै लामिछानेसँगै खनाल, जोशी र पछाईंविरुद्ध सम्पत्ति शुद्धीकरणमा पनि मुद्दा दायर गरिएको सरकारी वकिलको कार्यालयले जनाएको छ। सहकारीको बचत रकम अपचलन गरेको आरोपमा रास्वपा सभापति लामिछाने गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ पर्नुभएको थियो। सहकारी ठगीका आरोपित अन्य व्यक्तिलाई पनि कसुरअनुसारको बिगो र सजायको मागसहित मुद्दा दर्ता गरिएको छ।

## सूचनाको हक र सञ्चार क्षेत्रको सुदृढीकरणले लोकतन्त्रलाई बलियो बनाउँछ : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस




गण्डकी प्रदेशका सामाजिक विकास,युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले सूचनाको हक र सञ्चार क्षेत्रको सुदृढीकरणले लोकतन्त्रलाई बलियो बनाउने बताएका छन्।

राष्ट्रिय सूचना आयोगको आयोजना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको सहकार्यमा भएको प्रदेशस्तरीय अनुगमन इकाई प्रमुखसँग "सूचनाको अधिकार : कार्यान्वयनको चुनौती" विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले सरकारी तथा सार्वजनिक निकायहरूको काममा उत्तरदायित्व, पारदर्शिता र लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गर्नका लागि नागरिकको सूचनामा पहुँच अपरिहार्य रहेको उल्लेख गरेका हुन्।

मन्त्री थापाले सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनमा प्रभावकारी त्याई राज्यका अङ्ग र सार्वजनिक निकायहरू जनताप्रति उत्तरदायी, संवेदनशील र सक्रिय बनाउन आवश्यक रहेको बताए। जसले प्रशासनिक संयन्त्रलाई परिवर्तन ल्याई जनउत्तरदायी, पारदर्शी, लोकतान्त्रिक शासन व्यवस्थालाई बलियो बनाउन मद्दत पुग्ने विश्वास उनको छ।

"सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, नागरिकको सूसुचित हुने हकलाई संरक्षण र प्रर्वद्धन गर्दै प्रदान गरिने सेवाको मूल्य वास्तविक लागतमा आधारित गर्न महत्वपूर्ण छ।", उनले भने। मन्त्री थापाले अनियमित र गलत कार्यलाई सतर्क गराउन, सार्वजनिक निकायमा निष्पक्षता र समानता कायम गराउन, सुशासनलाई व्यावहारमा उतार्न लगायतमा सूचनाको हक सम्बन्धि व्यवस्थाले महत्वपूर्ण भूमिका खेलेको बताए। सरकारी तथा सार्वजनिक निकायहरुको वेभसाईटहरु नियमित अपडेट गर्ने, कानुनको पूर्ण रूपमा कार्यान्वयनका लागि केन्द्रियस्तरमा नै प्रचारप्रसार गरी जागरण गर्ने संयन्त्रको स्थापना गर्नुपर्ने सुझाव मन्त्री थापाको छ। नागरिक सचेतना र जागरुकता जगाउने, प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि संयन्त्र बनाउने, सूचनाको वर्गीकरण गरी सो को स्पष्ट व्यवस्था गर्ने, कार्यविधि र कार्यशैलीमा परिवर्तन गरिनुपर्ने, सार्वजनिक निकायका पदाधिकारीलाई तालिम तथा अभिमुखिकरण गर्ने काममा समेत क्रियाशिल हुनुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन्। मन्त्री थापाले गण्डकी प्रदेश सरकारले २०७९ मा सूचना सार्वजनिक गर्ने र सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभाबाट पारित भएको जानकारी गराए। उनले आम सञ्चार विधेयक जारी गरी संचार क्षेत्रलाई थप प्रभावकारी बनाउन, प्रदेश भित्रका आम संचारमाध्यमको विकासका लागि प्रेस रजिष्टार कार्यालय स्थापना गरि काम सुरु गरिएको बताए। संचार माध्यमको लोक कल्याणकारी विज्ञापनको व्यवस्था र पत्रकारहरुलाई लेखनवृत्ती, पत्रकार बिमा, रेडियो, टेलिभिजन लक्षित कार्यक्रमहरु, सार्वजनिक सुनुवाईहरु, मागमा आधारित तालिमहरु संचालन भैराखेको समेत उनले जानकारी गराए। राष्ट्रिय सूचना आयोगका प्रमुख सुचना आयुक्त डा. सुरेश आचार्यले नागरिकले सूचना पाउने अधिकारलाई प्रत्याभूत हुने गरि काम गर्नुपर्ने आवश्यकता रहेको बताए। उनले सूचना सम्भव भएसम्म अप्डेट गर्नुपर्ने विषयलाई उठाएका छन्। अध्यावधिक गरिएका सूचनाहरु तीन महिनामा सार्वजनिक गर्नुपर्ने भनाई उनको छ।

## पोखरा विश्वविद्यालयको अत्याधुनिक शैक्षिक भवन निर्माण सुरु

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस

पोखरा विश्वविद्यालयको प्राज्ञिक भवन कम्प्लेक्सभित्र अत्याधुनिक शैक्षिक भवनलगायत पूर्वाधार निर्माण सुरु भएको छ। रु ४१ करोड ४३ लाख १७ हजार पाँच सयको लागतमा निर्माण हुने संरचनाको सोमबार विश्वविद्यालयका उपकुलपति प्रा डा बेदराज केसीले एक कार्यक्रमका बीच शिलान्यास गर्नुभयो।

भवनसँगै स्कूल अफ हेल्थ एण्ड एलाइड साइन्सेजका लागि ट्रस संरचना, स्कूल अफ बिजनेसका लागि शौचालय निर्माण र पुरानो प्रशासनिक भवनको मर्मतकार्य अघि बढाइने कार्यक्रममा जानकारी दिइयो।

शैक्षिक भवन सात तलाको हुने विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालले जानकारी दिनुभयो।

## भारत सरकारको सहयोगमा निर्मित क्याम्पस र छात्रावास भवन हस्तान्तरण

पोखरापत्र संवाददाता
म्याग्दी, २२ पुस



म्याग्दी बहुमुखी क्याम्पसमा भारत सरकारको सहयोगमा निर्माण भएको क्याम्पस र छात्रावास भवनको सोमबार हस्तान्तरण गरिएको छ।

काठमाडौंस्थित भारतीय राजदूतावासका कन्सुलर अनिवासकुमार सिंह र जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापाले शिलाखेल अनावरण गरेर भवन उद्घाटन तथा हस्तान्तरण गर्नुभएको हो। भारत सरकारको रू दुई करोड ८३ लाख आर्थिक सहयोगमा १६ कोठे दुईवटा कक्षाकोठा र आठकोठे छात्रा छात्रावास भवन निर्माण भएको क्याम्पस प्रमुख श्रीधर सुवेदीले जानकारी दिनुभयो। तत्कालीन जिल्ला विकास समितिमार्फत भवन निर्माण भएको थियो। कार्यक्रममा राजदूतावासका कन्सुलर सिंहले भारत सरकारको सहयोगमा गण्डकी प्रदेशमा ७९ वटासहित देशभर पाँच सय ८३ वटा परियोजना सञ्चालन भएका जानकारी दिनुभयो। नेपालको विकासको प्रमुख साझेदार राष्ट्र भारतबाट शिक्षा र स्वास्थ्य क्षेत्रसँग सम्बन्धितपरियोजनालाईप्राथमिकता दिएर परियोजना सञ्चालन भएको बताउनुभयो। जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापा र बेनी नगरपालिकाका प्रमुख सुरत केसीलेम्याग्दीक्याम्पसलाईपूर्वाधारसँगै प्रविधिमैत्री बनाउन आवश्यक रहेको बताउनुभयो। उहाँहरूले भारतको अयोध्यामा राममन्दिर निर्माणका लागि मूर्ति बनाउन दुई वर्षअघि लगिएका शिलाको उत्खनन स्थल कालीगण्डकी नदी किनारलाई देभशिला स्मारक स्तम्भ र स्नान स्थलका रूपमा विकास गर्न लागिएको जानकारी गराउँदै त्यसका लागि भारत सरकारसँग सहयोगको अपेक्षा गर्नुभयो।

म्याग्दी बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष सोमनाथ ढुङ्गानाले आठ सय ९७ जना विद्यार्थी अध्ययरत क्याम्पसमा निर्माण भएको भवनले पठनपाठनमा सहज भएको बताउनुभयो। समुदाय स्तरबाट विसं २०४८ मा स्थापना भएको म्याग्दी क्याम्पसमा शिक्षा, व्यवस्थापन र मानविकी सङ्कायमा स्नाकोत्तर तहसम्मको अध्ययन हुन्छ।



# लेखनाथ महोत्सवमा घन्कियो रत्यौली

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

नेपाली समाजमा विवाहको बेलामा बेहुलाको घरमा गाइने परम्परागत रत्यौली गीत लोप हुँदै गएपछि त्यसो जर्गेना एवं नयाँ पुस्तालाई जानकारी दिन लेखनाथ महोत्सवमा हरेक वर्ष रत्यौली नृत्य प्रस्तुत गर्ने गरिन्छ । दुलाहाका घरमा विवाहका अवसरमा बालिएको शुभसूचक बत्ती कुर्न भनी जम्मा भएका महिलाले गाउने सामूहिक गीत रत्यौली गीत हो ।

जन्ती हिँड्नुपूर्व दुलाहाका घरमा गरिने कर्मदेखि जन्ती प्रस्थान गरेको र दुलहीका घरमा गरिने कर्मदेखि पुनः दुलाहाका घर भित्रिँदासम्मका अवस्थाको विषयलाई समेटेर रत्यौली गीत गाउने गरिने गरेको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका केन्द्रीय सचिव जिवन दाहालले बताए । रत्यौलीमा अश्लीलता हुने आरोप लाग्ने गरेको भए पनि पछिल्ला दिनमा रत्यौली गीत समाजमा पाच्य हुने शब्द समेटेर आउने गरेकाले महोत्सवमा यस्ता प्रतियोगिताको आयोजना हुँदा रत्यौली गीतको संरक्षणमा टेवा पुग्ने दाहाल बताउँछन् । मेला महोत्सवमा यस किसिमको प्रतियोगिता आयोजना गरिदा नयाँ पुस्तालाई रत्यौलीको ज्ञान दिन र यसको संरक्षणमा टेवा पुग्ने राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कास्कीका पुर्वअध्यक्ष एवं महोत्सवका उद्घोषक समेत रहेका शिवहरी ढुंगानाले भने । रत्यौली गीत गायन र प्रदर्शनमा महिलाको मात्र सहभागिता हुने तथा एकथरी महिलाले बसेर ताली बजाउँदै रत्यौली गाउने गरिने ढुंगानाले वताए । उनका अनुसार त्यही रत्यौली गीतलाई नृत्य र अभिनयले विशेष रोचक बनाउने छ ।

यो गीत गाउँदा एउटी महिला नर्तकीका रूपमा प्रस्तुत हुने र अर्की महिलाले पुरुषको भेषमा सजिएर पुरुषको नृत्य र अभिनय गर्छन् । पुरुषको भेषमा नाच्ने र अभिनय गर्ने व्यक्तिलाई लुठो भन्ने चलन रहेको छ ।

रत्यौली गीत आफैँ रोचक हुन्छ भने नर्तकहरूको नृत्य र अभिनयले रत्यौली गायनस्थललाई निकै रमाइलो बनाउने गर्दछन । महोत्सवको स्टेजमा नौमती बाजासहितको प्रतियोगिताले मेला महोत्सवलाई मात्रै फाइदा पुग्ने नभएर सिङ्गो लोक संस्कृतिको जगेर्ना र नयाँ पुस्तामा रत्यौलीको महत्त्व बुझाउन सहयोग पुग्ने रत्यौली कार्यक्रमकी संयोजक गंगा मल्लले वताईन । पुसको महिनामा विवाहको लगन नभए पनि लेखनाथ महोत्सवले भने विवाहको जस्तै पञ्चेवाजाको साथमा बेहुला र बेहुली नै बनाएर विवाह कै जस्तो भल्को दिने गरि रत्यौली गीतलाई स्थान दिएको थियो । दैनिक दुई समूहका दरले महोत्सव अवधीभर २२ समुहले रत्यौली गित प्रस्तुत गर्ने संयोजक गंगा मल्लले जानकारी दिएकी छन् । निर्धारीत समय भित्र गीत प्रस्तुत हुन्छ त्यही गितको तालमा महिला र पुरुष दर्शक सगसगै छमछमी नाच्न पाउछन् र साथमा लुठो(जोक्कर)ले विभिन्न खालका हसाउने अभिनय गर्दै स्टेजमा भएकालाई मनोरञ्जन दिने गर्दछन । बेहुली लिएर आए पछि बेहुला बेहुली दुवै नाच्ने र स्टेजमा भएकालाई जन्ती खाजाको रुपमा कसार, रोटी र अचार खुवाउने काम भएपछि रत्यौलीको निर्धारीत समय सकिन्छ । महोत्सव अवधि भर दैनिक रुपमा रत्यौली गीतको प्रस्तुतीका लागि ३५ टिम दर्ता भए पनि प्रस्तुतीका आधारमा भएको छनोटबाट २२ समुहले मात्र प्रतिष्पर्धामा सहभागि हुने अवसर प्राप्त गरेका थिए । सहभागी प्रत्येक समुहलाई प्रस्तुतीको आधारमा पुरस्कृत गरिने छ ।

यसैबिच महोत्सवको पाचौ दिन सोमवार करिव १० हजार दर्शकले मेलाको अवलोकन गरेका छन् भने आर्थिक कारोबार तर्फ २५ लाख बरावरको भएको महोत्सवका प्रचार प्रसार उप समितिका संयोजक जानुका अधिकारीको दावा रहेको छ ।

महोत्सवको पनि महोत्सवका रुपमा चिनिएको लेखनाथ महोत्सवमा साहित्य, महिला विशेष, विद्यालयस्तरीय, सांस्कृतिक, आदिवासी, जनजाति विशेष कार्यक्रम, जैविक विविधता, कृषि तथा पशुपंक्षी प्रर्दशनी, सुचना प्रविधि, शैक्षिक प्रर्दशनी, हस्तकला, जातजातिहरुको सम्मानमा लोप हुन लागेका रितिरिवाज तथा संस्कृति झल्काउने उत्कृष्ट नृत्य प्रर्दशनी रहने छन । महोत्सवमा ख्याति प्राप्त हास्य व्यंग्य कलाकारहरुको दैनिक प्रस्तुति, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी गीत, लाइभ म्युजिक कन्सर्ट थप आर्कषणका रुपमा राखिएको छ ।

# वनको संरक्षणमा जुट्दै सत्रखर्क कालीलेकका उपभोक्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

गोठ र चरनमा आधारित पशुपालनको परम्परा बोकेका यहाँको वन संरक्षणमा स्थानीय सक्रिय भएका छन् । पोखरा महानगरपालिका-१६ मा अवस्थित बहुमूल्य जडीबुटीको भण्डार सत्रखर्क कालीलेक सामुदायिक वनको संरक्षणमा उपभोक्ताले चासो देखाएका हुन् ।

जङ्गलमा रहेको बहुमूल्य जडीबुटी, काठसहित चोरी-सिकारी हुँदै आएको सो वनलाई डिभिजन वन कार्यालय कास्कीले एक वर्षअघि संरक्षण, विकास र उपयोग गर्नेगरी गठित समूहलाई अधिकार हस्तान्तरण गरेसँगै उपभोक्ता वन जोगाउने अभियानमा जुटेका हुन् ।

बहुमूल्य जडीबुटी, सतुवा, लोटसल्लो, निरमसी, पखन वेद, चन्दन, चुत्रोलगायत मालिङ्गो, घुँडे र तीते निगालो स्वादिलो तरकारीमा प्रयोग गरिने टुसा, निउरो, तरूल प्रशस्त पाइने सत्रखर्क कालीलेक सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सुवेदार इन्द्रबहादुर गुरूङले जानकारी दिनुभयो । उहाँका अनुसार जङ्गल क्षेत्रमा चोगो, नसि, खाँदो, पनेलो, स्याक, क्रेटोपधेरो, कोइप्रोनो, तल्लोदोवान, वलाय, तोमोधु, तोढ्रे, एकल, दोबाटे, माडदी, घुडे, लिते र सवल गरी सत्रवटा चरनलाई समेटेर यस वनलाई सत्रखर्क नामकरण गरिएको हो । समुद्री सतहबाट एक हजार दुई सयदेखि तीन हजारसम्मको उचाइमा अवस्थित जङ्गलमा चितुवा, भालु, मृग, थार, घोरल, बाँदर, दुम्सीजस्ता जङ्गली जनावर र मुनाल, प्युरा, वन कुखुरालगायत विभिन्न प्रजातिका चराचुरूङ्गीको बासस्थान भएको अध्यक्ष गुरूङको दाबी छ ।

भारतीय सेनामा भर्ती हुनुभएका गुरूङले भन्नुभयो, "आजभन्दा छ दशकअघि सम्म प्रत्येक खर्कमा भैँसी, गाई, भेडाका तीनदेखि चारवटा गोठ थिए, जसमा जङ्गलमा चार/पाँच हजार घरपालुवा चौपाया चर्ने गर्दथे ।" जङ्गलको बीच भागमा रहेको बलायखर्कमा चेतबहादुर पौडेल र उमा पौडेलले भैँसी गोठमा भविष्य खोज्दै आउनुभएको छ । उहाँको गोठमा हाल सानाठूला गरेर ४० वटा भैँसी र गाई रहेका छन्भने सुरेन्द्र पौडेलले चरनमा आधारित बाख्रापालन गर्दै आउनुभएको छ। पौडेलको खोरमा अहिले पनि एक सयभन्दा बढी बाख्रा रहेका छन् । भैँसी र बाख्रा चरनमा आधारित छन् । अध्यक्ष गुरूङ भन्नुहुन्छ, "विगतमा बाहिरबाट आउनेले जङ्गलबाट जडीबुटी सङ्कलन र जनावरको चोरी-सिकारी हुँदा पनि सरकारी स्तरको ध्यान नपुग्नु र उपभोक्तामा अधिकार नहुँदा बर्सेनि बहुमुल्य जडीबुटी बाहिरिन्थ्यो । हाल उपभोक्ताले निगरानी राख्न थालेपछि केही नियन्त्रण भएको छ । सो क्षेत्रको करिब तीन हेक्टर क्षेत्रफलमा रहेको महत्त्वपूर्ण वनस्पति लोटसल्लो बिस्तारै पातलिँदै गएको छ । क्यान्सरको उपचारमा प्रयोग हुने उक्त वनस्पतिका पात र डाँठसमेत सङ्कलन गरेर बोराका बोरा लैजाने गरेको स्थानीयको भनाइ छ । मार्की, जैमुरे, खरिकुना, ठूलोखोरिया, कुरा आँटीघर मौजा मोरियालगायत विभिन्न स्थानबाट जङ्गलमा प्रवेश गर्ने नाका रहेको बताउँदै उहाँले भन्नुभयो, "टुसा र निउरो उत्पादन हुने सिजनमा चोरी-निकासी अत्यधिक हुने गरेको छ । समूहको ऐतिहासिक प्रथम साधारणसभाले अबका दिनमा समूहको कार्ययोजना र विधानको परिधिभित्र रहेर 'टेन्डर' आह्वान गरी समूहको केही हदसम्म भए पनि आयआर्जन गर्ने तयारी भई रहेको उहाँको भनाइ छ । वन समूहका सचिव बबिता गुरूङका अनुसार पोखराको पानीको मुख्य स्रोत रहेको सम्भवतः कास्की जिल्लाको भौगालिक हिसाबले सबैभन्दा ठूलो उक्त वन ६ सय ९३ दशमलव पाँच हेक्टरमा फैलिएको सो वनमा तीन सय १६ घरधुरी उपभोक्ता रहेका छन् ।

समूहले स्थायी लेखा नम्बर लिएको छ । वनमा प्रशस्त मात्रामा रहेको निगालोबाट माद्रो, थुन्से, नाम्लो, मोहडा, कुर्चीलगायत घरेलु सामग्री निर्माण गरिन्छ भने अल्लोबाट भाग्रा, कछाड, टोपी, थैलो, स्टकोटजस्ता कपडा निर्माण गर्दै आएको बताउँदै उहाँले थप्नुभयो, "प्राकृतिक स्रोत उपयोगका लागि आवश्यक तालिमको खाँचो छ ।" अर्मलाकोट 'होमस्टे'का अध्यक्ष रहनुभएका उहाँले भन्नुभयो, "पोखराबाट छोटो दूरीमा रहेको बहुमूल्य जडीबुटी, महत्त्वपूर्ण चराचुरूङ्गी, जङ्गली जनावरको प्रत्यक्ष अध्ययन गर्न सकिने यस क्षेत्रको उचित प्रचारप्रसार गर्नसक्ने हो भने पर्यापर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्नाका साथै होमस्टेमा आन्तरिक एवं वाह्य पर्यटकको आकर्षण बढ्ने विश्वास छ ।"

# कास्की जिल्ला टेबल टेनिस संघको अध्यक्षमा गौतम राज लामा योन्जन चयन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस



कास्की जिल्ला टेबल टेनिस संघको अध्यक्षमा गौतमराज लामा योन्जन चयन भएका छन् । संघको २० औं साधारण सभा तथा ७ औं अधिवेशनले योन्जनको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति सर्वसम्मतले चयन गरेको हो ।

संघको प्रथम उपाध्यक्षमा मुना थापा, द्वितिय उपाध्यक्षमा रविनाथ पन्त, सचिवमा दिपक भण्डारी, सहसचिवान रविन्द्र कट्टेल, कोषाध्यक्षमा देव भुजेल, कार्यसमिति सदस्यमा किसान जिसी, आस्था केसी, तिलक थापा, सोनिम गुरुङ र समिक्षा पोखेल रहेका छन् ।

यस अघि सभाको उद्घाटन गर्दै जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख सुन बहादुर लामाले खेलाडीको सफलता उसको मेहनत र धैर्यतामा भर पर्ने बताउनुभयो । खेलाडी उत्पादनमा राज्यको ध्यान जानुपर्ने बताउदै टेवुल टेनिस सानो खेल नभई यसका प्रतियोगिता र कार्यक्रम नभएर सानो भएको बताउनुभयो ।

संघका सल्लाहाकार रमाकान्त बरालले खेलाडीलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पुर्याउन केन्द्रित भएर खेलकुदका गतिविधि वढाउनु पर्ने बताउनुभयो । नेपाल पत्रकार महासघं कास्की सहसचिव मधु अधिकारीले टेवुलटेनिस सर्वसुल्लभ खेल भएकाले हरेक वडाको सार्वजनिक स्थल वा भवनहरुमा यसको संरचना बनाउन सके टेबुलटेनिस खेलमा खेलाडीको उत्साह र निरन्तरता बढ्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष उत्तम जोशीले आफ्नो कार्यकालमा भएका उपलब्धी सहितको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै राष्ट्रपति रनिङशिल्डमा टेवुल टेनिसलाई समेट्नु पर्ने धारणा प्रकट गर्नुभयो । जोशीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत रवि पन्त, धन्यवाद ज्ञापन निर्मल सोती र संचालन सचिव कृष्ण रानाभाटले गर्नु भएको थियो ।

# सवारी साधनको भाडादर तीन दशमलव ३० प्रतिशत वृद्धि

**रासस**
काठमाडौं, २२ पुस

यातायात व्यवस्था विभागले अन्तर प्रदेशमा सञ्चालन हुने सार्वजनिक यातायातका यात्रुवाहक तथा मालवाहक सवारी साधनको भाडादर समायोजन गरेको छ ।

यात्रुवाहक सवारीमा तीन दशमलव ३०, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीमा शून्य दशमलव ८१ र तराइको बाटोमा सञ्चालन हुने मालवाहक सवारीमा शून्य दशमलव ०५ प्रतिशत भाडा वृद्धि गरिएको विभागले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ । विगतदेखि सार्वजनिक सवारी साधनको भाडादर निर्धारण गर्दा इन्धनको अंश ३५ प्रतिशत र अन्य सूचकहरुको अंश ६५ प्रतिशत मानिँदै आएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रीस्तरको यही पुस ११ गतेको सहमतिमा भाडा वृद्धि गरिएको विभागले जनाएको छ ।

# हाइकर्स क्लब नेपालको साधारण सभा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

पोखरा महानगरपालिका वडा नं. ७ मा कार्यालय स्थापना गरि पोखरा र आसपासका क्षेत्रहरुमा हाईकिङ कार्यक्रम संचालन गर्दै आइरहेको हाइकर्स क्लब नेपालको प्रथम साधारण सभा आउँदो शनिबार हुने भएको छ ।

स्वास्थ्य पर्यटनको लागि हाइकिङ भन्ने मुल नाराका साथ हरेक महिनाको अन्तिम शनिबार विगत ५ वर्ष देखि नियमित हाइकिङ कार्यक्रम गर्दै आएकोमा गत वर्ष देखि जिल्ला प्रशासन कार्यालय कास्कीमा संस्था दर्ता गरी सदस्यता वितरण गर्दै आएको अध्यक्ष कृष्ण रानाभाटले वताए ।

अन्तराष्ट्रिय पर्वतीय संग्राहालयका कर्मचारी प्रविन तुलाचनको निमन्त्रणामा पहिलो हाइकिङमा सहभागी भई दोश्रो हाइकिङ देखि नेतृत्व गर्दै आएका रानाभाट स्वतन्त्र पत्रकार संघ कास्कीका समेत अध्यक्ष रहेका र विभिन्न संघसंस्थामा आवद्ध भएका कारण पत्रकार साथीहरुको साथमा प्रचारप्रसार गर्न सजिलो भएको क्लबका सचिव मधु अधिकारीले वताए ।

त्यसै कार्य समितिमा ज्योति हमाल नगेन न्यूज डट कमका सम्पादक तथा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश सदस्य, मधु अधिकारी रेडियो सफलताका प्रबन्धक तथा नेपाल पत्रकार महासंघ कास्कीका सहसचिव, युवा व्यवसायी टिका आचार्य, आइटी विज्ञ पितम सेन ठकुरी, ट्रेकिङ गाइड सुन्दर त्रिपाठी, हेरालो प्रतिष्ठानका सचिव तिलक थापा क्लबको संस्थापकमा रहनु भएको छ ।

# सिमेण्टमा भएको मूल्यबृद्धिले भौतिक निर्माणको गति धीमा हुने संघको जिकिर

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

पोखरा र लेखनाथ उद्योग वाणिज्य संघले पछिल्लो समय सिमेण्टमा भएको अत्यधिक मूल्यबृद्धिले भौतिक निर्माणको गति धीमा हुने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

पछिल्लो एक महिनाभित्र प्रति बोरा सिमेण्टको मूल्यमा ३ सय ५० रुपैयाँसम्म मूल्य बढेको जिकिर गर्दै दुबै संघको तर्फबाट जारी विज्ञप्तिमा मूल्यबृद्धि अस्वभाविक भएको जिकिरमात्र गरिएको छैन, मूल्यबृद्धि फिर्ता लिन,प्रतिस्पर्धात्मक अर्थ व्यवस्थाको सम्मान गर्न तथा स्वभाविक रुपले आपूर्तिको प्रबन्ध गर्न माग पनि गरिएको छ । पोखराकी महासचिव शोभा गौतम र लेखनाथकी महासचिव जानुका पराजुलीबाट सोमबार जारी विज्ञप्तिमा सिमेण्टमा मूल्य बढेकै कारण भौतिक निर्माणका कामहरु रोकिएको जिकिर पनि गरिएको छ ।

'मूल्यबृद्धिबाट निश्चित कार्ययोजना र लागत अनुमानमा भौतिक निर्माणको ठेक्का लिएका निर्माण व्यवसायीहरु मूल्यबृद्धिले सबैभन्दा बढी मारमा परेका छन् । एकातिर राज्यले सम्पन्न भएको कामको भुक्तानी दिएको छैन भने अर्कोतर्फ निर्माण सामग्रीको निश्चित मूल्याङ्कनको आधारमा लिइएको ठेक्कामा लागत बढ्दा उनीहरुको जायजेथा नै गुम्ने अवस्था सिर्जना भएको छ,' विज्ञप्तिमा भनिएको छ,' कतिपय परियोजनाहरु भर्खरै ठेक्कामा गएका छन् । हाम्रो आर्थिक वर्षको स्वरुप र टेण्डर प्रक्रियालाई नै आधार मान्ने हो भने पनि आउँदा केही महिनाहरु भौतिक निर्माणले गति लिने महिनाहरु हुन् । भौतिक निर्माणले गति लिने बेलैमा सिमेण्ट र अन्य निर्माण सामग्रीको मूल्य बढ्दा सरकारकै भौतिक प्रगति कस्तो रहला ?'

विज्ञप्तिमा दुबै उद्योग वाणिज्य संघहरुले संविधानप्रदत्त उद्योगी/व्यवसायीहरुको मुनाफा लिन पाउने अधिकारको सदैव पक्षपोषण गर्ने भए पनि उपभोक्ता हित संरक्षणलाई पनि आफ्नो दायित्व सम्झने पनि उल्लेख छ । 'कालोबजारी,कार्टेलिङ र खुला बजार नियन्त्रणमा लिने प्रयत्नलाई हामी सदैव अस्वीकार गर्दछौँ,'विज्ञप्तिमा भनिएको छ ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

- पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
- महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरू।
- मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजे देखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## सार्वजनिक सेवा लिदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया परा गरौं,
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- अनियमितता र भ्रष्ट्राचार बिरूद्ध उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# सार्वजनिक यातायातको भाडा वृद्धि

सरकारले देशभरिका सार्वजनिक यातायातको भाडा बढाएको छ। सरकारले मालबाहक सवारी साधानको पनि भाडा बढाएको छ। यात्रुबाहक सवारीको भाडा ३.३० प्रतिशत बढेको छ भने पहाडी बाटोमा चल्ने मालबाहक सवारीको भाडा ०.८३ प्रतिशत बढेको छ। तराईको बाटोमा चल्ने मालबाहक सवारीको भाडा ०.०५ प्रतिशत बढेको छ। सरकारले सार्वजनिक यातायातका साधनको करिब डेढ वर्षपछि भाडा वृद्धि गरेको छ। स्थानीय यातायातको भने भाडा बढेको छैन। भाडा वृद्धि दर सार्वजनिक यातायातको ३.३० प्रतिशत र मालबाहक सवारीको ०.८३ र ०.०५ प्रतिशत बढाउने निर्णय गरेको भए पनि त्यसको मार जनताले खेप्नुपर्छ। मालबाहक सवारीको भाडा बढ्नु हरेक वस्तुको भाडा बढ्नु हो।

इन्धनको अंश ३५ प्रतिशत र अन्य सूचकहरुको अंश ६५ प्रतिशत मानेर सरकारले भाडा समायोजन गर्दै आएको र सोही अनुरुप भाडा बढाइएको यातायात व्यवस्था विभागले जनाएको छ। बढेको भाडादर पुस २२ गते सोमबारदेखि नै लागू हुने जनाइएको छ। संघीय राजधानी काठमाडौंबाट सुदूरपश्चिमको अस्थायी राजधानी धनगढीको सडक दूरी ६८८ किलोमिटर छ। काठमाडौंबाट धनगढी बसमा यात्रा गर्ने यात्रुले अब कम्तीमा २०११ देखि २८९५ रुपैयाँ भाडा तिर्नुपर्ने भएको छ। सरकारले सोमबारदेखि वृद्धि गरेको भाडादर अनुसार काठमाडौंबाट धनगढी जाने यात्रुले नर्मल बसमा २०११ रुपैयाँ, डिलक्स बसमा २४१३ रुपैयाँ र सुपर डिलक्स बसमा २८९५ रुपैयाँ तिर्नुपर्ने भएको छ। भाडादर वृद्धि हुनुअघि सरकारले गत २०८० साउन ३१ मा काठमाडौं-धनगढीको एकतर्फ भाडा १९४६ रुपैयाँ नर्मल भाडा तोकेको थियो। काठमाडौंबाट पश्चिमी सीमान्त सहर महेन्द्रनगर (कञ्चनपुर) पुग्न यात्रुले २०१७ देखि २ ९१९ रुपैयाँ भाडा तिर्नुपर्ने छ। यसअघि काठमाडौं-महेन्द्रनगरको भाडादर नर्मल १९६२ रुपैयाँ तोकिएको थियो।

वृद्धि भएको भाडादरअनुसार महेन्द्रनगर जाने यात्रुले नर्मल बसमा २०२७ रुपैयाँ, डिलक्स बसमा २४३२ रुपैयाँ र सुपर डिलक्स बसमा २९१९ रुपैयाँ खर्च गर्नुपर्ने छ। यस्तै पुर्वी जिल्ला झापा जान काठमाडौंबाट कम्तीमा १८०२ रुपैयाँ देखि बढीमा २५९५ रुपैयाँ लाग्ने भएको छ। यसअघि काठमाडौंबाट झापा (कुमारखोद) सम्मको नर्मल भाडादर १७४४ रुपैयाँ कायम थियो। काठमाडौंदेखि कुमारखोज (झापा)को दूरी ६१५ किलोमिटर रहेको छ। वृद्धि भएको भाडादरअनुसार काठमाडौंबाट नर्मल बसमा जाने यात्रुले अब १८०२ रुपैयाँ, डिलक्समा यात्रा गर्ने यात्रुले २१६२ रुपैयाँ र सुपर डिलक्समा यात्रा गर्ने यात्रुले २५९५ रुपैयाँ भाडावापत बस व्यवसायीलाई बुझाउनुपर्ने भएको छ। यातायात वयवस्था विभागले भाडादर वृद्धिबारे जारी गरेको सूचनाअनुसार डिलक्स सुविधा लिएका र सुपर डिलक्सको सुविधा लिएका यात्रुवाहक सवारी साधनले निर्धारित भाडादरमा २० प्रतिशत थप रकम लिन सक्ने उल्लेख छ।

'डिलक्स सुविधा लिएका जुनसकै प्रकारका यात्रुवाहक सवारी साधन (ब्लु बुकमा यातायात व्यवस्था विभाग अन्तर्गत भीएफटीसी कार्यालयहरूबाट डिलक्सको सुविधा लिएको प्रमाणित भएको) ले तोकिएको भाडादरमा २० प्रतिशत रकम थप गरी लिन सक्ने र सुपर डिलक्सको सुविधा लिएका जुनसुकै प्रकारका यात्रुवाहक सवारी साधनले (ब्लु बुकमा यातायात व्यवस्था विभाग अन्तर्गत भीएफटीएस कार्यालयहरूबाट सुपर डिलक्सको सुविधा लिएको प्रमाणित भएको) डिलक्सको भाडादरमा २० प्रतिशत रकम थप गरी लिन सक्ने,' सूचनामा भनिएको छ। डिलक्स र सुपर डिलक्स भनेर भाडा बढी लिने तर नर्मल को जस्तै सुविधा हुने गरेको यात्रुको गुनासो हुने गरेको छायस्को सुनुवाइ नहुने हुँदा यात्रु मर्कामा पर्नेछन्। सरकारले यात्रुबाहक सार्वजनिक सवारी साधनको अवस्था कस्तो छ भनेर अनुगमन नगर्दा असुरक्षित यात्रा गर्नुपर्ने अवस्था छाभाडा बढाउनुपर्ने बाध्यता नभए पनि यातायात व्यवसायीको मन राख्न गरिएको निर्णय होइन भनेर जनताको मन जित्न सक्नुपर्छ। नत्र उपभोक्ता मारेर व्यवसायी पोस्ने काम हुनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# सुन्तलाको बजारीकरणमा सघाउँदै नगरपालिका

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ पुस

सुन्तला गाउँको चिनिएको सिगानामा उत्पादित सुन्तला बागलुङ नगरपालिकाले बजारीकरणमा सघाउन थालेको छ।

उचित मूल्य र पहिचानका लागि सुन्तला 'ब्राण्डिङ' गर्न थालिएको हो। यहाँको बागलुङ नगरपालिकाले सिगानाको सुन्तलालाई ब्राण्डिङ गरेर बजारीकरणका लागि सहकारीमार्फत प्याकेजिङको काम थालेको छ। बागलुङ नगरपालिकाले वडा नम्बर ८ सिगानाको गणेश कृषि सहकारीको नाममा 'सिगानाको रसिलो सुन्तला' लेखेको कार्टुन उत्पादन गरेर बजारीकरणमा सघाएको हो।

नगरपालिकाले पहिलो चरणमा दुई हजार दुई सय कार्टुन निर्माण गर्न ५० प्रतिशत अनुदान सुन्तला किसानलाई दिएको छ। गणेश कृषि सहकारीका अध्यक्ष रामबहादुर खड्काका अनुसार सहकारीमार्फत सुन्तलाको ब्राण्ड बनाएर बजारीकरण गर्न थालिएको जानकारी दिनुभयो। उहाँले परीक्षणका लागि यस वर्ष दुई हजार दुई सय कार्टुन 'सिगानाको रसिलो सुन्तला' लेखेर बागलुङ नगरपालिकाको लोगो राखेर बजारमा सुन्तला पठाउन थालिएको बताउनुभयो।

"परीक्षणका लागि ब्राण्डिङको काम थालेका छौं सिगानाको सुन्तलाको माग धेरै भयो, चर्चा समेत छ तर ब्राण्ड नुहँदा बजारीकरणमा समस्या भयो", खड्काले भन्नुभयो, "अहिले एउटा कार्टुनलाई किसानले रू ४० मा पाउँछन्, सुन्तला प्याकेजिङ गरेर पठाउँदा कार्टुनको मूल्य सुन्तलामै जोडिन्छ, पहिलो चरणमा नगरपालिका र सहकारी मिलेर रू एक लाखका कार्टुन उत्पादन गरेका हौं, कोसेलीका रूपमा पठाउँदा, मायाको चिनो प्रदान गर्दा ब्राण्डिङ गरेको कार्टुनमा राखेर पठाउँछौं।" सिगानाको सुन्तला भन्दै अन्यत्रको सुन्तला बजारमा खरिद बिक्री भइरहेकाले ब्राण्डको आवश्यकता परेको सिगानाका सुन्तला किसानको भनाइ छ। खड्काले कार्टुनको मागअनुसार सहकारीले उत्पादन गर्नसक्ने बताउँदै सिगानाको सुन्तला नगरपालिकाकै पहिचानसँग जोडिएकाले आगामी दिनमा नगरपालिकाले कार्टुन, क्यारेटजस्ता बजारीकरणमा सघाउने खालको अनुदानमा थप कार्यक्रम ल्याउन आवश्यक भएको खड्काको भनाइ छ।

आयातित वस्तुलाई मायाको चिनोका रूपमा दिनुभन्दा गाउँको उत्पादन दिँदा पहिचान हुने हुँदा यहाँ उत्पादन भएको सुन्तला मायाको चिनोको रूपमा समेत दिन थालिएको छ। यहाँका किसानले वार्षिक रू तीन करोडको सुन्तला बिक्री गर्दै आएका छन्। यहाँ उत्पादन भएको सुन्तला बुटवल, पोखरा र काठमाडौं निर्यात हुँदै आएको छ। वर्षौंदेखि यहाँका किसानले सुन्तला बिक्रीबाटै आम्दानी गर्दै आएकाले यसको प्रचारप्रसारका लागि ब्राण्डिङ गर्न थालिएको बागलुङ नगरपालिकाका नगर उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो। "सिगानको सुन्तला हाम्रो पहिचान हो, यहाँ उत्पादन भएको सुन्तला अन्य ठाउँको भन्दा निकै स्वादिष्ट हुन्छ, धेरै उत्पादन हुने हुँदा किसानले यसबाट आम्दानी गर्दै आएका छन्, अब हामीले सिगानालाई सुन्तलालाई अन्तर्राष्ट्रियरूपमा चिनाउन आवश्यक छ, पहिलो चरणमा कार्टुन बनाइएको छ जुन कार्टुन ५० प्रतिशत छुटमा नगरपालिकाले किसानलाई उपलब्ध गराउन सुरू गरेको छ", खड्काले भन्नुभयो। सिगानालाई सुन्तला अध्ययन केन्द्रका रूपमा समेत विकास गर्ने नगरपालिकाको लक्ष्य रहेको खड्काले बताउनुभयो। यस वर्ष नगरपालिकाले रू पाँच लाख लागतमा सुन्तलाका बिरूवा ५० प्रतिशत अनुदानमा वितरण गरेको छ। सिगानामा दुई सय किसानले वार्षिक रू एक लाखदेखि पाँच लाखसम्मको सुन्तला बजार पठाउँदै आएका छन्।

# वन्यजन्तुको आक्रमणबाट ८३ को मृत्यु

**रासस**
काठमाडौं, २२ पुस

नेपालमा चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्म वन्यजन्तुको आक्रमणबाट ८३ जनाले ज्यान गुमाएका छन्। यस्तै, जनावरको आक्रमणबाट पाँच सय ९९ जना घाइते भएका प्रहरीले जनाएको छ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले तीमध्ये सबैभन्दा बढी सर्पले डसेर मृत्यु तथा घाइते भएका बताउनुभयो। उहाँका अनुसार सर्पले डसेर मात्रै ७० जनाको मृत्यु भएको छ भने पाँच सय ३२ जना घाइते भएका छन्।

यस्तै, गैंडाको आक्रमणबाट चारको मृत्यु र १४ जना घाइते तथा बाघको आक्रमणबाट तीनको मृत्यु र २४ जना घाइते भएका छन्। हात्तीको आक्रमणबाट छको मृत्यु र १४ जना घाइते तथा भालुको आक्रमणबाट १५ जना घाइते भएका पनि प्रहरी प्रधान कार्यालयले जनाएको छ।

मुख्यगरी निकुञ्ज आसपास क्षेत्रका बस्तीमा वन्यजन्तुको आक्रमण हुने गरेको छ। जङ्गलमा घाँस दाउरा लिन र जङ्गली तरकारी खोज्न जाँदा वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु भएको जनाइएको छ। पछिल्लो समयमा भने बस्तीमै प्रवेश गरी वन्यजन्तुले हानी पुऱ्याउने गरेका छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रवक्ता वेदकुमार ढकालले आहाराको खोजी र विभिन्न कारणले बस्तीमा प्रवेश गर्ने वन्यजन्तु नियन्त्रणका लागि निकुञ्जले काम गरिरहेको बताउनुभयो।

पछिल्लो २४ घण्टामा पनि जनावरको आक्रमणका घटना भएका छन्। जङ्गली हात्ती बस्तीमा प्रवेश गरी मोरङको सुन्दरहरैचा नगरपालिकामा दुई जनाको घर भत्काएर खाद्यान्न खाइदिएको र दमकमा पनि हात्तीले एक घर भत्काएको प्रहरीले जनाएको छ। यस्तै बर्दिया, रौतहट र पाल्पामा पनि जङ्गली जनावरले घर तथा बाली नष्ट गरेको छ। भालुले आक्रमण गर्दा पाल्पामा एक जना घाइते भएका प्रहरी प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।

## विमालेख हरायो

यहि मिति २०८१/०८/१५ गते स्याङजाबाट पोखरा जाने क्रममा साविक सानिमा लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नामः डेनिल गुरुङ
विमालेख नं. ४०१०००८७५
सम्पर्क नं.
९८२५१६५४०३, ०६१-५५३६५२

# "पोखरा मोटो-ईन्डुरो क्रस च्याम्पियन सीप-२०२४" का विजेता खेलाडीलाई पुरस्कार नदिएको आरोपमा दुई जना पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

"पोखरा मोटो-ईन्डुरो क्रस च्याम्पियन सीप-२०२४" का विजेता खेलाडीलाई पुरस्कार नदिएको आरोपमा कास्की प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। गत चैत २३ र २४ गते पोखरा राईडर्स क्लबको आयोजनामा पोखरा २३ बाम्दीमा संचालन भएको उक्त प्रतियोगिताका बिजेता खेलाडीहरुलाई पुरस्कार वापतको नगर रकम नदिएको आरोपमा उक्त खेल संचालक तथा निर्देशक जगत डोली र पोखरा राईडर्स क्लबका अध्यक्ष सोनिक क्षेत्रीलाई कास्की प्रहरीले नियन्त्रणमा लिएको हो।

अछाम सिउडी गाउँपालिका. वडा नं. १ घर भई हाल पोखरा ६ जरेबर बस्ने ३१ बर्षका डोली र पोखरा ५ प्रस्याङ बस्ने २९ वर्षका क्षेत्रीलाई जिल्ला प्रहरी कार्यालय कास्कीमा आएको जाहेरीको आधारमा पक्राउ गरी कास्की जिल्ला अदालतबाट ठगी सम्बन्धी कसूरमा ७ दिनको म्याद थप गरी अनुसन्धान प्रकृया अगाडी बढाईएको कार्यालयका सूचना अधिकारी वशन्त कुमार शर्माले बताउनु भयो।

उक्त प्रतियोगितामा दर्ता शुल्क बापत १७ हजार समेत प्रत्येक खेलाडीबाट बुझी लिई सहभागी खेलाडीहरु मध्येबाट प्रथम हुने खेलाडीलाई दिने भनि घोषणा गरेको १ लाख ५० हजार रुपैया नदिई सम्पर्क विहिन भएको भनी कार्यालयमा जाहेरी दरखास्त दिए पश्चात यस कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गर्न बाध्य भएको उहाँले जनाउनु भयो।

उक्त प्रतियोगितामा महिला तर्फ ललितपुरकी बर्षा बस्नेतले उपाधि जित्दा पुरुष-ओपन इलाइटमा काठमाडौका राजेश मगरले उपाधि हात पार्नु भएको थियो। उहाँहरुलाई उपाधि संगै जनही नगद रु १ लाख ५० हजार बराबरको चेक हस्तान्तरण गरिएको थियो यद्यपी लामो समय चेक नसाटिए पछि खेलाडीहरुले उजुरी गर्न बाध्य भएको बताउनु भयो।

त्यस्तै गरि महिला तर्फ दोश्रो मन्दिरा भण्डारी रसुरक्षा केसिले तेस्रो हुँदा पुरुष-ओपन इलाइटमा अन्जित बुढाथोकी दोस्रो हुँदा आशुतोष धोन्जु तेस्रो हुनु भएको थियो। दोस्रो हुनेले नगद रु १ लाख र तेस्रो हुने ५० हजारको चेत प्राप्त गर्नु भएको थियो।

# गोरखनाथदेखि गोरखपुरसम्म खिचडी यात्रा गर्दै गोरखा नगरपालिका

**पोखरापत्र संवाददाता**
गोरखा, २२ पुस

गोरखा नगरपालिकाले 'गोरखा भ्रमण वर्ष २०२५' सफल बनाउन विभिन्न कार्यतालिका सार्वजनिक गरेको छ। नगरपालिकाले गोरखा भ्रमण वर्षमा धेरैभन्दा धेरै पर्यटक भित्र्याउनका लागि विभिन्न ३२ योजनासहितको कार्यतालिका सार्वजनिक गरेको हो।

कार्यतालिका अन्तर्गत गोरखामा ऐतिहासिक, धार्मिक तथा खेल क्षेत्रको माध्यमबाट पर्यटन प्रवर्द्धनका लागि देशभरका सातवटै प्रदेशमा 'जाउँ है गोरखा कार्यक्रम'देखिलिएप्रदेशस्तरीयखेलकुद प्रतियोगितासमेतको आयोजना गर्न लागिएको नगरप्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो।

'गोरखालाई धार्मिक, ऐतिहासिक तथा खेल क्षेत्रसँग जोडेर यहाँको पर्यटनको विकासका लागि नगरपालिकाले नयाँनयाँ योजनाको थालनी गर्न लागेको हो, उहाँले भन्नुभयो, "अब पर्यटकलाई गोरखा घुम्न आउनका लागि प्रोत्साहित गर्छौं।" गोरखा घुम्न आउने पर्यटकलाई लक्षित गरेर नगरपालिकाले नगरभित्रका ५६ वटा धार्मिक एवं पर्यटकीयस्थलको पहिचान गरेर 'बुकलेट'समेत तयार पारेको नगरप्रमुख रानामगरले जानकारी दिनुभयो।

आँबुखैरेनी हुँदै गोरखा प्रवेश गर्ने पर्यटकका लागि पर्यटकीयस्थल पुग्ने बाटोको सूचना दिन क्यूआर कोडसहितको 'स्ट्रेट नम्बर' राख्ने तयारी नगरपालिकाले गरेको छ। "क्यूआर स्क्यान गरेपछि पर्यटकले सम्बन्धित पर्यटकीयस्थल र त्यसको महत्वका बारेमा थाहा सजिलै पाउन सक्छन्, उहाँले भन्नुभयो, "आउँदो माघ महिनाभित्रमा यो काम सम्पन्न गर्ने नगरपालिकाको कार्य योजना छ।" त्यस्तै पर्यटकलाई जिल्ला पर्यटकीयस्थलको जानकारी दिने सदरमुकामस्थित बसपार्क नजिकै रहेको बहुउद्देश्सीय भवनमा नगरपालिकाले सूचना केन्द्र स्थापना गर्ने योजना बनाएको छ।

नगरपालिकाले धार्मिक पर्यटक भित्र्याउनका लागि गोरखामा विश्वनाथ योगीको सम्मेलन गर्ने, गोरखनाथदेखि गोरखपुरसम्म खिचडी यात्रा गर्ने, रोट महोत्सव तथा शान्ति पद्यात्रा कार्यक्रम गर्ने, काठमाडौं, पोखरा, लुम्बिनी, बन्दीपुर सौराहलगायतका स्थानमा पर्यटन सञ्जाल गठन गर्ने कार्यतालिकामा उल्लेख गरेको छ।

"गोरखा आउने पर्यटक सहजीकरणमा मद्दत पुऱ्याउनका लागि विविध पर्यटन प्रवर्द्धनसम्बन्धी तालिम सञ्चालन गरिनेछ, नगरप्रमुख रानामगरले भन्नुभयो, "त्यसबाहेक सामाजिक सञ्जालमार्फत पनि गोरखाको पर्यटकीय क्षेत्रको प्रचारप्रसारका लागि पर्यटनसँग सम्बन्धित प्रतियोगिता आगामी फागनुमा गर्ने योजना बनाइएको छ।" नगरपालिकाले गोरखा भ्रमण वर्ष सफल बनाउनका लागि होटल व्यवसायी सङ्घको आयोजनामा पर्यटन व्यवसायीको भेला, नगरपालिकामा गण्डकी प्रदेशस्तरीय न्यायिक भेला २०८१, पर्यटनसम्बन्धी छलफललगायतका कार्यक्रम सम्पन्न गरिसकेको छ।

# आठौं विरेन स्मृति १८ औं 'बिटी कप' को मिति घोषणा, माघ २२ देखि हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

पोखरामा क्रियाशिल बुद्धटोल युवा (बिटी) क्लबले आठौं विरेन स्मृति १८ औं बिटी कप खुल्ला फुटबल प्रतियोगिताको मिति घोषणा गरेको छ।

क्लबका अध्यक्ष असिम थापाले पोखरा महानगरपालिका १ पुरानो टुडिखेल मैदानमा आगामी माघ २२ गतेदेखि खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता आयोजना गर्ने गरी तयारी थालिएको जानकारी दिए। उनका अनुसार फुटबलको विकास गर्ने उद्देश्यसहित विगत लामो समयदेखि क्लबले फुटबल प्रतियोगिता आयोजना गर्दै आएको छ। 'पोखरामा निरन्तर हुने सेभेन ए साइड फुटबल प्रतियोगिताको लिस्टमा हाम्रो प्रतियोगिता पनि पर्छ।

त्यसैले हामी १८ औं संस्करणसम्म निरन्तर आइपुगेका छौ, अध्यक्ष थापाले भने, 'यस प्रतियोगिताले फुटलबको विकासमा थप सघाउ पुग्ने विश्वास लिएका छौं।' अध्यक्ष थापाले माघ २२ गतेदेखि प्रतियोगिता सुरु गर्ने बताउदै पुरस्कार राशी र समापन मिति तय गरिने बताए। 'हाम्रो प्रतियोगिता पोखराको चर्चित र लोकप्रिय प्रतियोगिता हो, अध्यक्ष थापाले भने, 'त्यसैले यसमा सहभागि हुन धेरै टिमहरु इच्छुक हुनुहुन्छ। उहाँहरुको सहभागिताकै आधारमा समापन मिति पनि तय हुनेछ। र पुरस्कार राशी पनि पहिलेकोमा केही बढाएर पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्छौं।' गत वर्ष भएको प्रतियोगिताको विजेतालाई नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ र उपविजेताले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ प्रदान गरिएको थियो। यसअघिको संस्करणको उपाधि लामागाउँ गुम्बाले जितेको थियो।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ५ ठुलीबिडी झौरीखेत सिंचाई नहर निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : ठुलीबिडी झौरीखेत सिंचाई नहर निर्माण
उपभोक्ता समितिको नामः ठुलीबिडी झौरीखेत सिंचाई नहर निर्माण उपभोक्ता समिति, पोखरा-५, कास्की
योजना सम्झौता मिति : २०८१/०७/२३ गते
योजना सुरु मिति : २०८१/०७/२४ गते
योजना सम्पन्न हुने मिति : २०८१/१०/२९ गते
महानगरपालिका बाट प्राप्त : रु. ६,००,०००/-
जनसहभागिता : रु. १,०९,१५३/-
जम्मा कुल लागत : रु ७,०९,१५३/-
सदस्य संख्या : ७ जना
महिला संख्या : ३ जना

कृष्ण बहादुर थापा
अध्यक्ष
ठुलीबिडी झौरीखेत सिंचाई नहर निर्माण उपभोक्ता समिति, पोखरा-५, कास्की

# बागलुङ नगरपालिकालाई बालमैत्री नगर घोषणा

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ पुस

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिका ५१ सूचक पूरा गरेपछि बागलुङ नगरपालिकाका १४ वडालाई बालमैत्री वडा घोषणा गरिएको छ । यसका लागि नगरपालिकाले दुई वर्षयता सामाजिक विकास र बालमैत्री पूर्वाधारमा झण्डै तीन करोड लगानी गरिसकेको थियो ।

यस अगाडि जिल्लाको गलकोट नगरपालिकालाई बालमैत्री घोषणा गरिएको थियो । बागलुङ नगरपालिकाका नगरप्रमुख बसन्तकुमार श्रेष्ठका अनुसार बालमैत्री पूर्वाधार निर्माण, विभिन्न अन्तरक्रिया कार्यक्रम र वडा- तहमा बालमैत्री सहजकर्ता खटाइएको थियो भने बालमैत्री विद्यालय, बालमैत्री पूर्वाधार र स्वास्थ्य तर्फका सबै सुचक पूरा गरिएको थियो । नगरपालिकाले चालु आर्थिक वर्षमा बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा र कार्यक्रमका लागि मात्रै रु एक करोड २५ लाख बजेट विनियोजन गरेको छ ।

उक्त बजेटबाट बालमैत्री विद्यालय भवन निर्माण, खानेपानी, शौचालय लगायतका पूर्वाधार निर्माण गरिएको छ । टोल-टोलमा बालक्लब गठन गर्ने बालबालिकालाई सामाजिक कार्यक्रममा सहभागी गराउने, बालविवाह, बालश्रम अन्त्य गर्ने लगायतका अभियान सम्पन्न भइसकेको र अबको ध्यान नगर घोषणासँगै दीगोपनाका लागि राण्नीतिक योजना तयारमा ध्यान गएको नगर प्रमुख श्रेष्ठको भनाइ छ । नगरपालिकाले गत आर्थिक वर्षमासमेत रु ४० लाख लागतमा नगरका सामुदायिक विद्यालयको शौचालय, खानेपानी तथा बालमैत्री पूर्वाधारमा खर्च गरिसकेको छ ।

नगरपालिकाले आगामी दिनमा निर्माण गरिने हरेक विकास निर्माणलाई बालमैत्री तरिकाले निर्माण गर्नेछ । बालमैत्री नगरपालिका निर्माणले सामाजिक विकासलाई टेवा पुऱ्याउने बालमैत्री संयोजक तिलक आचार्यले जानकारी दिनुभयो ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७८, घोषणा कार्यविधि २०७९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम बागलुङ नगरपालिकामा २०७९ जेठ ६ गतेदेखि बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने प्रतिबद्धतामा हस्ताक्षर गरी २०८१ साल पुस मसान्तभित्र बागलुङ नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने निर्णय अनुसार सबै वडा घोषणा गरिएको हो ।

बाल बचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी नगरपालिका बालमैत्री बनाइएको हो ।

# सत्तरी लाखको लप्सीका परिकार कारोबार गर्ने लक्ष्य

**पोखरापत्र संवाददाता**
पर्वत, २२ पुस

यस वर्ष फलेका लप्सी टिपेर बिक्री तथा प्रशोधन गर्न कृषकहरूलाई भ्याइनभ्याइ छ । नेपालमै सबैभन्दा बढि लप्सी उत्पादन हुने पर्वत जिल्लाका अधिकांश कृषकहरूले लप्सीका दाना बिक्री गर्दै आएका छन् भने जिल्लाको फलेवास-४ मुडिकुवामा सञ्चालित सामुदायिक खाद्य प्रशोधन उद्योगले लप्सीको प्रशोधन गर्दै आएको छ ।

यो उद्योगले लप्सीबाट माडा, अचार, क्याण्डी, तितौरा, जाम, लप्सी धुलो, पिरो क्याण्डीलगायत परिकार बनाउँदै आएको छ । विगत डेढ दशकदेखि लप्सी प्रशोधन गर्दै आएको उद्योगले यस वर्ष झण्डै रू ७० लाख बराबरको कारोबार गर्ने लक्ष्य राखको छ । उद्योगमा यस वर्ष झण्डै ६० टन लप्सी प्रशोधनको तयारी गरिएको छ । गाउँगाउँबाट लप्सी सङ्कलन गर्ने र अचार, माडा बनाउने तथा क्यान्डिका लागि गुदी निकालेर राख्ने काम भैरहेको उद्योगका सञ्चालक थानेश्वर भुसालले जानकारी दिनुभयो । पर्वतमा झण्डै दुई सय मेट्रिकटन लप्सी उत्पादन हुने भए पनि ३० प्रतिशत मात्र प्रशोधन गर्न सकिएको उहाँको भनाइ छ । बाँकी केही कृषकहरूले बोटबाटै दाना बिक्री गर्दै आएका छन् भने जनशक्तिको अभावले टिप्न नसक्दा बोटमै खेर जाने गरेको भुसालले बताउनुभयो । जनशक्ति र प्रविधिको अभाव तथा पर्याप्त बजार नहुँदा उत्पादित सबै लप्सी प्रशोधन गर्न नसकिएको सञ्चालक भुसालको भनाइ छ । कोरोना सङ्क्रमणमा अमेरिका, अस्ट्रेलिया, हङकङ लगायतका देशमा समेत निर्यात गरेको भए पनि अहिले भने स्वदेशकै बजारमा निर्भर हुनुपरेको उहाँको भनाइ छ । भुसालले सञ्चालन गरेको उद्योगमा ७ जनाले रोजगारी पाएका छन् । लप्सीसँगै अमला, अदुवालगायत परिवार बनाएर हुने कूल आम्दानीबाट खर्च कटाएर वर्षमा रू १० देखि १२ लाखसम्म बचत हुने गरको उहाँले बताउनुभयो । चार वर्ष पहिले उत्पादित लप्सीकादशलाखबराबरकापरिकारहरू अमेरिका पठाउनुभएका भुसालले नेपालमा भन्दा पनि बढी विदेशमा माग रहे पनि अहिले पठाउने संयन्त्र नरहेको बताउनुभयो । नेपालीहरूले विदेश फर्किंदा कोशेली र पाहुरको रूपमा लैजाने बाहेक व्यावसायिक हिसाबले उद्योगबाटै होलसेलमा विदेश पठाउन नसकिएको उहाँको भनाइ छ । जिल्लाका झण्डै ४० वटा वडामा लप्सीको उत्पादन हुँदै आएको छ । कुनै बेला जङ्गलमा त्यसै झरेर कुहिने लप्सी पछिल्लो समय प्रशोधन गर्न थालेपछि आम्दानीको राम्रो श्रोत बनेको हो । वनपाखामा त्यसै खेर जाने लप्सीबाट आम्दानी गर्न सकिने भएपछि लप्सीको व्यावसायिक खेतीसमेत शुरू भएको छ । सामुदायिक खाद्य प्रशोधन उद्योगले कृषकलाई लप्सी खेतीतर्फ आकर्षित गर्नका लागि निःशुल्क बिरूवा समेत वितरण गर्दै आएको छ ।

उद्योगमा लप्सीसँगै अदुवा, अलैची, अमला, बेसार, टिमुर, खुर्सानि लगायतको प्रशोधन समेत हुँदै आएको छ भने पछिल्लो दुई वर्ष यता मकैको सातु उत्पादनबाट समेत लाखौं रूपैंया आम्दानी गर्ने गरेको सञ्चालक भुसालले बताउनुभयो । लप्सी, अमला र अदुवा सिजनको बेलामा प्रशोधन हुने भए पनि मकै, भट्टमास, बदाम लगायतको मिक्स सातु बाह्रैमास उत्पादन हुने सञ्चालक भुसालले बताउनुभयो ।

# भलिबलको उपाधिका लागि धम्पुस लेककुना र घान्द्रुक किम्चे भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस



तमु समुदायको मुख्य पर्व ल्होछार/ल्होसारको अवसरमा कास्कीको माछापुच्छे गाउँपालिका ८/९ स्थित घलेलमा २६ औं घलेल ल्होछार उत्सवमा पुरुषतर्फको भलिबलको उपाधिका लागि घान्द्रुक किम्चे गाउँ र धम्पुस लेककुना गाउँ भिड्ने भएका छन् ।

आज भएको सेमिफाइनल खेलमा धम्पुस लेककुना गाउँले कुइबाङ गाउँलाई ३-१ को सेटले पराजित गर्दै धम्पुस लेककुना फाइनलमा पुगेको हो । यस्तै अर्को सेमिफाइनल खेलमा घान्द्रुक किम्चे गाउँले ठुलाखेत गाउँलाई ३-१ कै सेटमा हराउँदै फाइनलमा घान्द्रुकसँगको भेट पक्का गरेको क्लबका अध्यक्ष विराज गुरुङले जानकारी दिए । उनका अनुसार महिलातर्फ एलिट भलिबल प्रशिक्षण केन्द्र नदीपुर र हर्स राइडर समूह छोम्रोङ फाइनलमा प्रवेश गरिसकेको छ । भने, प्रौढतर्फ युनाइटेड किङ्स क्लब र छारमेन्दो तक्रो फाइनलमा पुगिसकेका छन् । तिनै विधाको फाइनल खेल मंगलबार हुने क्लबका सचिव अमृत गुरुङले जानकारी दिए । उनका अनुसार बौद्ध सृजना युवा क्लबको आयोजनामा आगामी गत १५ देखि जारी उत्सवको गाउँ स्तरीय पुरुष भलिबल प्रतियोगितातर्फको विजेतालाई ६५ हजार र उपविजेतालाई नगद ४५ हजार पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने छ । सेमिफाइनलमा प्रवेश गर्ने दुवै टिमलाई जनही १० हजार रुपैयाँ तथा प्रमाणपत्र प्रदान गरिनेछ । यसैगरी सर्वोत्कृष्ट हुने खेलाडीलाई गो बन्जी नेपालबाट बन्जी जम्प गर्ने अवसर प्रदान गरिने भलिबल खेल संयोजक गणेश बिसीले बताए ।

यसैगरी महिला भलिबल तर्फको विजेतालाई ३० हजार उपविजेतालाई २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रौढ पुरुष भलिबल प्रतियोगिताको विजेताले बोका (ठुलो) र उपविजेताले बोका (सानो)सँगै ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । घोडा दौड प्रतियोगिताको विजेताले नगद रु ४० हजार र उपविजेताले २० हजार, सान्त्वना स्थान हाँसिल गर्नेले १० हजारसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । यसअघि खुला सामुहिक नृत्य प्रतियोगिता, घोडा दौड लगायतका प्रतियोगिता सम्पन्न भइसकेका छन् । भने, चर्चित लोक तथा दोहोरी गायक चिज गुरुङ, गायीका मधु थापामगर तथा बालकाशी गुरुङ लगायतले सांगीतिक प्रस्तुती दिएका थिए ।

# मस्तिष्कघातको निःशुल्क उपचारको तयारीमा सरकार

**काठमाडौं**
रासस, २२ पुस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले सरकारले मस्तिष्कघातको निःशुल्क उपचारको तयारी गरिरहेको बताउनुभएको छ ।

कान्ति बाल अस्पतालको ६३औं वार्षिकोत्सवका अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा उहाँले यसका लागि मन्त्रालयले कार्ययोजना बनाइरहेको बताउनुभयो । उहाँले कान्ति बाल अस्पतालमा बाल क्यान्सरको निःशुल्क उपचारको व्यवस्था बनाइसकेको समेत उल्लेख गर्नुभयो । कान्ति बाल अस्पतालमा भौतिक पूर्वाधार र जनशक्तिको अभाव रहेको विषयमा आफू जानकार रहेको बताउँदै उहाँले मन्त्रालयका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । "अस्पतालले हाल सीमित स्रोत र साधनका बावजुद गुणस्तरीय सेवा प्रवाह गरिरहेको छ, यसैका कारण धेरैको विश्वास कान्तिमा छ", उहाँले भन्नुभयो ।


**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

**हार्दिक श्रद्धाञ्जली**



**जन्मः** वि.स. २०२१/०३/०३ गते

**स्वः मञ्जु ढेवाजू**

**स्वर्गारोहणः** वि.स. २०८१/०९/१५ गते

यस धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका सम्मानित सदस्य गुठीखेतदाता परिवारका वरिष्ठ सदस्य एवम् यस संस्थाका पूर्व संस्थापक कोषाध्यक्ष श्री जिवन कुमार ढेवाजूका धर्मपत्नी **श्री मञ्जु ढेवाजू** को ६० वर्षको उमेरमा यही पौष १५ गते असामयिक निधन भएकोमा हामी समिति परिवार अत्यन्तै दुखित छौं । आज उहाँ दिवंगत हुनुभएको ९ औं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुखद घडीमा हाम्रा अति हितैषी सहयोगी मित्र जिवन कुमार ढेवाजू सहित सम्पूर्ण शोकसन्तप्त परिवारजन, इष्टमित्र, बन्धुबान्धव, सङ्घी साथीभाइ सबैमा धैर्यधारण गर्न सक्ने शक्ति भगवती भद्रकाली माताले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं । कालीमाताले हामी सबैको कल्याण गरुन !

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष एवं**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर पोखरा-१२/१३**